# स्थानीय राजपत्र

**खण्ड १) गोल्जुङबेशी रसुवा मिति २०८१।३।२० भाग-२ संख्या ५**

## भाग २

## आमाछोदिङमो गाउँपालिकाको सूचना

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले आमाछोदिङमो गाउँपालिका कार्यविभाजन नियमावली- २०७४, (पहिलो संशोधन २०८१) बनाई सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### आमाछोदिङमो गाउँपालिका कार्यविभाजन नियमावली- २०७४, (पहिलो संशोधन २०८१

प्रस्तावना: नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी आमाछोदिङमो गाउँपालिकाको गाउँ कार्यपालिकाले आफ्नो कार्य विभाजन नियमावलीमा मिति २०८१ बैशाख ३१ को निर्णय अनुसार देहाय बमोजिम संशोधन गरी नियमहरु बनाएको छ ।

आमाछोदिङमो स्थानीय राजपत्र

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम “आमाछोदिङमो गाउँपालिका कार्यविभाजन नियमावली- २०७४, (पहिलो संशोधन २०८१) ” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

१. मुल नियमावलीको नियम २ को उपनियम (च) मा विस्तारित सेवा केन्द्र भन्ने शब्द थप गरिएको छ ।
२. मुल नियमावलीको नियम ३ को उपनियम (१), (२) र (३) मा विस्तारित सेवा केन्द्र भन्ने शब्द थप गरिएको छ ।
३. मुल नियमावलीको नियम ४ को उपनियम (१) र (२) मा विस्तारित सेवा केन्द्र भन्ने शब्द थप गरिएको छ ।
४. मुल नियमावलीको अनुसुची १ मा विस्तारित सेवा केन्द्र भन्ने शब्द तथा बुदाँ नं (७) थप गरी देहाय बमोजिम राखिएको छ ।

(७) विस्तारित सेवा केन्द्र

(क) सामान्य प्रशासन सेवा ईकाई

(ख) राजस्व संकलन सेवा इकाई

(ग) पूर्वाधार विकास सेवा इकाई

(घ) योजना कार्यान्वयन, उपभोक्ता परिचालन तथा अनुगमन सेवा इकाई

५. मुल नियमावलीको अनुसुची २ मा विस्तारित सेवा केन्द्रको कार्य विवरण भन्ने शब्द तथा बुदाँ नं (७) थप गरी देहाय बमोजिम राखिएको छ ।

(७) विस्तारित सेवा केन्द्रको कार्य विवरण

विस्तारित सेवा केन्द्र भित्रको क्षेत्रमा देहाय बमोजिमका कार्यहरू गर्ने

(क) सामान्य प्रशासन सेवा ईकाई

- गाउँपालिकाबाट दिनु पर्ने सामान्य सिफारिस

आमाछोदिङमो स्थानीय राजपत्र

- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्धन र नियमन
- विस्तारित सेवा केन्द्र क्षेत्रको उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन
- सेवा केन्द्र परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
- विपद् व्यवस्थापनमा सहयोग,
- अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग
- निर्माण नियमन तथा गुणस्तर नियन्त्रण
- सेवा केन्द्र क्षेत्र भित्रको सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन ।
- उपभोक्ता अधिकार तथा हित सम्बन्धी गाउँपालिकाबाट लागु नीति, कानून, मापदण्डको कार्यान्वयन र नियमन
- स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण र अनुगमन,
- स्थानीय वस्तु र सेवा, व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन,
- उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन,
- खाद्य पदार्थ खानेपानीको गुणस्तर नियन्त्रण,

(ख) राजस्व संकलन सेवा इकाई

- राजस्व चुहावट नियन्त्रण
- विस्तारित सेवा क्षेत्रबाट दिइने सेवा अन्तरगत गाउँपालिकाले निर्धारण गरेका विषयहरूमा कर संकलन
- विस्तारित सेवा केन्द्र भित्रको क्षेत्रबाट ढुङ्गा गट्टी बालुवाको कर संकलन

आमाछोदिङ्मो स्थानीय राजपत्र

- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक

(ग) पूर्वाधार विकास सेवा इकाई

- स्थानीय कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन तथा गोरेटो बाटोहरूको स्तरोन्नतिका लागि आयोजनाको पहिचान र मर्मत सम्भार सम्बन्धी प्राविधिक कार्यहरू
- भूमिको वर्गीकरण अनुसारको लगत अभिलेख राख्ने
- जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता
- सडक वत्तीको व्यवस्था
- साना सिँचाईका योजना र स्तरोन्नतिका आयोजनाको पहिचान, मर्मत, सम्भार
- बृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन
- सरसफाई  तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन
- सार्वजनिक शौचालय व्यवस्थापन
- पानी मुहानको संरक्षण
- पहिरो नियन्त्रण
- जलवायू परिवर्तन अनुकुलन कार्यक्रम

(घ) योजना कार्यान्वयन, उपभोक्ता परिचालन तथा अनुगमन सेवा इकाई

- योजना तर्जुमा, उपभोक्ता समिति परिचालन
- गाउँपालिकाबाट विनियोजित दश लाख रूपैयाँ सम्मका योजना तथा कार्यक्रमहरूको सम्झौता, योजना अनुगमन
- दश लाख रूपैयाँ सम्मको योजना तथा कार्यक्रमहरूको रकम भुक्तानीको लागि उपभोक्ता समितिहरूबाट पेश भएका कागजातहरू जाँच गरी भुक्तानीको लागि सिफारिस
- विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन

- उपभोक्ता समितिको विवरण, क्षमता विकास
- विकासका लागि प्राथमिकता प्राप्त क्षेत्र निर्धारण

आज्ञाले
गोपाल प्रसाद दुलाल
प्रमुख प्रशासकिय अधिकृत

आमाछोदिङ्मो स्थानीय राजपत्र